**बैठक संख्या :**

आज मिति २०८०/०४/३२ गतेका दिन बागलुङ नगरपालिकाका नगरप्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगरकार्यपालिकाको बैठकको उपस्थिती निर्णय देयाय निम्नानुसार छ ।

**उपस्थिति**

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | सुनिता | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | Shanti | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री धन प्रसाद पोखेल |
| अन्य उपस्थिति | | | |
| १ | | अर्जुन गौतम लेखा अधिकृत | अर्जुन गौतम |
| २ | | अधिकृत छैटौं | किरातेन्द्र पन्त |
| ३ | | सहायक पाँचौं | आनन्द प्रसाद शर्मा |
| ४ | | का.स. | मेघराज शर्मा |

प्रस्तावहरु

१. गत बैठकको समिक्षा

२. बर्षादको समयमा हुन सक्ने क्षतिको न्यूनीकरण गर्ने सम्वन्धमा ।

३. बजार व्यवस्थापन सम्वन्धमा ।

४. करार कर्मचारीको करार म्याद थप गर्ने सम्वन्धमा ।

५. जनशक्ति व्यवस्थापन सम्वन्धमा ।

६. विविध सम्वन्धमा ।

निणर्यहरु

निणर्य नं. १

गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्ममा भए गरेका काम कार्यवाहिको बारेमा जानकारी आदान प्रदान गरियो । सो बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

निर्णय नं. २

बर्षादको समयमा हुन सक्ने सम्भावित दुर्घटना, बाढि, पैह्रोको क्षति लाई न्यूनीकरण गर्नको लागि तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

(क) यस पूर्व कार्यपालिकाको निर्णय बमोजिम वडा नं. ३ देखी १४ सम्मका सडकमा राखिएका सडक हेरालुको काम लाई सम्वन्धीत वडाले प्रभावकारी अनुगमन गर्ने ।

(ख) सम्भावित जोखिम युक्त स्थानको पहिचान गरी कार्यालयमा पूर्व सुचना उपलब्ध गराउने ।

(ग) सम्भावित जोखिममा परेका घरहरुलाई स्थान्तरणको लागि उपयुक्त स्थानको खोजि गर्ने ।

(घ) विपदको अवस्थामा स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्रलाई जानकारी गराउने र राहत उद्धारका कार्य यथासम्भव छिटो गर्ने वातावरण मिलाउने ।

निर्णय नं. ३

बागलुङ नगरपालिकाबाट सडकको मापदण्ड लागु गरे पश्चात स्वीकृत सडक मापदण्ड र सडक अधिकार क्षेत्रलाई वेवास्ता गरी नगरपालिकाबाट समेत स्वीकृत नलिई बनाईएका घर, टहरा, पर्खाल, ट्रस, छाना, रेलिङ, वाल जस्ता संरचना हटाई सडक मापदण्ड कार्यान्वयन गर्न तथा स्वीकृत लिई बनाईएका घर

CamScanner

बाहेक सडक तर्फका सडकको मापदण्ड र क्षेत्राधिकार समेत च्यापी निर्माण भएका पेटी पटाहा, पर्खाल, वारतली, छाप्रा जस्ता संरचना तेह्रौ नगरसभाको निर्णय र स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम हटाउने कार्यको थालनी गर्ने र उक्त कार्य पश्चात कुरुप एवं खालि हुन आएको सडकमा व्यवस्थीत नाली, सडक पेटी, फुटपाथ जस्ता संरचना निर्माण गर्नको लागि तेह्रौ नगरसभाद्वारा स्वीकृत नगरस्तरिय योजना तथा कार्यक्रम अन्तर्गत सि.नं. ३२ को **बजार भित्रका सडक विस्तार तथा व्यवस्थापन** शिर्षकबाट आगामी नगरपरिषदबाट अनुमोदान गर्ने गरी खर्च लेख्ने निर्णय गरियो । साथै मरेपिपल देखी हस्पिटल चोक सम्म नाली तथा फुटपाथ निर्माण योजनाको लागि उल्लेखित शिर्षकबाट रु ३५,००,०००। अक्षेरुपी पैतिस लाख रुपैया मात्र विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

बागलुङ नगरपालिका नगरकार्यपालिकाको कार्यालय, बागलुङमा करारमा कार्यरत रहि मिति २०८० असार मसान्त सम्म करार म्याद अवधि रहेका र कार्यक्रमको तर्फबाट नियुक्ति भै तलवको सुनिश्चिता भएका सम्पूर्ण करार कर्मचारीहरुको करार म्याद मिति २०८० पौष मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

बागलुङ नगरपालिका नगरकार्यपालिकाको कार्यालय, बागलुङ द्वारा २०७९ चैत्र १३ मा प्रकाशन गरेको रोजगार संयोजकको पदपूर्तीको बाँकी प्रकृया अगाडि बढाउने, बालमैत्री स्थानीय शासन कार्यक्रम संचालनको लागि आवश्यकता अनुसार बालमैत्री नगर सहजकर्ता, वडा सहजकर्ताको लागि विज्ञापन गरी रोष्टर लिष्ट तयार गर्ने र सोहि लिष्टबाट आवश्यकता अनुसार सक्षम जनशक्तिलाई नियुक्ति दिई कार्यक्रम संचालन गर्ने साथै पालिकालाई आवश्यक पर्ने प्राविधिक ईन्जिनियर १ जना, र सव ईन्जिनियर ४ जनाको विज्ञापन गरी नियुक्तिको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

CamScanner